संघीय संसद

राष्ट्रिय सभा

चौधौं अधिवेशन

बैठक-१

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ४:०० बजे*
*बैठक स्थगित : ६:१५ बजे*

२०८० वैशाख २४ गते, आइतवार

---

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको पहिलो बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ४:०० बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले सभाको चौधौं अधिवेशनको पहिलो बैठकमा उपस्थित सम्पूर्ण माननीय सदस्यहरूलाई स्वागत गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट अधिवेशन आह्वान सम्बन्धी पत्र प्राप्त हुन आएको जानकारी गराउनुहुँदै उक्त पत्रको ब्यहोरा सभा समक्ष जानकारी गराउनुभयो।

"सम्माननीय अध्यक्ष,

राष्ट्रिय सभा,

सिंहदरवार, काठमाडौं।

नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्वत् २०८० साल वैशाख २४ गते आइतबारका दिन १६:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ वानेश्वरमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेको छु।

(रामचन्द्र पौडेल)

राष्ट्रपति

२०८० वैशाख २०"

त्यसपछि सभाले लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट उठेर मौन धारण गर्‍यो।

तत्पश्चात् सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट मन्त्रीको नियुक्ति र कार्यभार तोकिएको सम्बन्धी पत्र प्राप्त हुन आएको जानकारी गराउनुहुँदै उक्त पत्रको ब्यहोरा सभा समक्ष जानकारी गराउनुभयो।

" **विषयः मन्त्रिपरिषद् गठन सम्बन्धमा।**

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूको नेतृत्वमा मिति २०७९/९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा मिति २०८०/०१/२० गते देहायबमोजिम नियुक्ति र कार्यविभाजन गर्नुभएको ब्यहोरा अनुरोध गर्दछु।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री धनराज गुरूङ | मन्त्री | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| २. | श्री मोहनबहादुर बस्नेत | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| ३. | श्री डिगबहादुर लिम्बु | मन्त्री | युवा तथा खेलकुद मन्त्रालय |

(यादवप्रसाद कोइराला)

सचिव

२०८०/१/२१"

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको चौधौं अधिवेशन प्रारम्भ भएको अवसरमा आफ्नो मन्तव्य राख्नका लागि राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरूको तर्फबाट नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

१. मा. गंगा कुमारी बेलबासे
२. मा. देवेन्द्र दाहाल
३. मा. रमेश जंग रायमाझी
४. मा. जयन्ती देवी राई
५. मा. प्रमिला कुमारी
६. मा. शेखर कुमार सिंह
७. मा. तुल प्रसाद विश्वकर्मा

तदुपरान्त सम्माननीय अध्यक्षले **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ्ग**लाई "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८०" सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्तावलाई सभा समक्ष पेस गर्नुभयो।

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतलाई "आ.ब. २०८०/०८१का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) सभामा छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभए पश्चात माननीय अर्थ मन्त्रीले उक्त प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) सम्बन्धमा यही मिति २०८० साल बैशाख २५ र २६ गते राष्ट्रिय सभाको बैठकमा छलफल हुने र छलफलमा उठेका प्रश्नको माननीय अर्थमन्त्रीले बैशाख २६ गते जवाफ दिनुहुने ब्यहोरा माननीय सदस्यहरूलाई जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) मा मात्र सीमित भई छलफल हुने र छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूको नाम दलीय प्रतिनिधित्वको आधारमा आजै कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा) मा उपलब्ध गराउने सम्बन्धमा जानकारी गराउनुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) सम्बन्धमा माननीय सदस्यहरूले उठाउनु हुने विषयहरूलाई सभामा उपस्थित भई टिपोट गर्न सचिवालय र अर्थ मन्त्रालयलाई निर्देशन गर्नुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक २०८० साल वैशाख २५ गते सोमबार बिहान १० बजेर ३१ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव